का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक १२०
❒ ९ असार २०७७, मंगलबार
❒ 23 June 2020, Tuesday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेट: सोमबार साँझसम्म | | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | ९५६१ जना | २१४८ जना | १८१३७१ | ७३९० | २३ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ९० लाख ८२ हजार | ४८ लाख ६४ हजार | ४ लाख ७१ हजार | ३७ लाख ४७ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

## स्थायी कमिटीको तयारी

# आ-आफ्नै दाऊ

२० स्थायी कमिटी सदस्यहरूले लिखित रूपमा माग गरे पनि दुई पटक स्थगित भइसकेको नेकपाको स्थायी कमिटी बैठक असार १० मा बस्ने निश्चित भएसँगै नेताहरूले आ-आफ्नै तयारीलाई तीव्रता दिएका छन् ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ असार ।

गएको वैशाख ८ गते प्रधानमन्त्री केपी शर्मा ओलीले दल विभाजन सम्बन्धी अध्यादेश ल्याएपछि सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्र चुलिएको विवाद हल हुन सकेको छैन । वैशाख १० गते नेकपाका २० जना स्थायी कमिटी सदस्यले पार्टीभित्र देखिएको विवादबारे छलफल गर्न लिखित माग गरेका थिए । नेकपाको विधानअनुसार, लिखित माग भएको १५ दिनभित्र बैठक बोलाइसक्नुपर्नेछ ।

त्यसैअनुसार, वैशाख २५ गते स्थायी कमिटी बैठक बोलाइएको थियो । तर, स्थायी कमिटी बैठकको तयारी गर्न वैशाख २४ गते बसेको सचिवालय बैठकबाट प्रधानमन्त्री एवम् अध्यक्ष केपी शर्मा ओली उठेर हिडे । यसपछि नेकपाको स्थायी कमिटी अनिश्चित बन्दै आएको थियो । प्रधानमन्त्री ओलीले अर्का कार्यकारी अध्यक्ष पुष्पकमल दाहालसँग छलफल गरी वैशाख ३१ गते फेरि स्थायी कमिटी बैठक बोलाए । तर, बैठक बस्न सकेन ।

यो बीचमा बजेट ल्याउनुपर्ने र भारतले नेपाली भूमि अतिक्रमण गरी चीनको मानसरोवर जोड्ने सडक उद्घाटन गरेपछि नेकपाको स्थायी कमिटी बैठक सर्दै आएको थियो । तर, दुई अध्यक्ष बीचको सल्लाहमा असार १० गते स्थायी कमिटी बैठक बोलाइएको छ । यो बैठक भने नसर्ने र बस्ने निश्चित भएको भन्दै कन्फरमेसन म्यासेज नै पठाइएको छ ।

### ■ बैठक निश्चित

दुई पटक स्थगित भइसकेको नेकपाको स्थायी कमिटी बैठक यसपटक भने नसर्ने भन्दै पार्टी कार्यालयमा स्थायी कमिटी सदस्यहरुलाई रिकन्फरमेसन म्यासेज पठाइएको छ । ४४ मध्ये २० स्थायी कमिटी सदस्यको मागअनुसार, बस्न लागेको बैठक यसपटक नसर्ने निश्चित भएको नेताहरुले बताएका छन् । हरेक ६ महिनामा बस्नुपर्ने बैठक गएको मंसिर देखि बस्न सकेको छैन । तर, पछिल्लो पटक ४ असारमा बैठक बोलाउँदै सूचना पठाइएको थियो ।

यसपटकको बैठकमा विशेषगरी अमेरिकन परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बारे छलफल हुने देखिन्छ । अंगीकृत नागरिकताबारे भने सचिवालयले निर्णय गरिसकेको छ भने लिम्पियाधुरा सहितको भूगोल समेटेर जारी नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा संविधानकै अंग बनिसकेको छ । नागरिकता र नेपालको नयाँ नक्साबारे भएको निर्णय अनुमोदन पछि एमसीसी पारित गर्ने वा नगर्नेबारे छलफल हुने देखिन्छ ।

गएको १५-१९ माघको केन्द्रीय कमिटी बैठकले एमसीसी टुंग्याउन कार्यदल गठन गरेको थियो । झलनाथ खनाल संयोजकत्वको कार्यदलमा भीम रावल र प्रदीपकुमार ज्ञवाली सदस्य थिए । यो समितिले संशोधन नगरी एमसीसी पारित गर्न नहुने प्रतिवेदन बुझाएको छ । तर, प्रधानमन्त्री ओली भने यही अधिवेशनबाट एमसीसी पारित गर्ने तयारी गरेका छन् । बजेटको अनुसूचीमा राखेर र राष्ट्रियसभामा अभिव्यक्ति दिएर प्रधामन्त्री ओलीले त्यसको संकेत दिइसकेका छन् । यसर्थ, यसपटकको बैठकमा एमसीसी प्रमुख एजेण्डा बन्ने देखिन्छ ।

### ■ आ-आफ्नै दाऊ

बुधबार शुरु हुने बैठकमा प्रधानमन्त्री ओली इतरका नेताहरुले भने आफ्नो पुरानो एजेण्डा उठाउने तयारी गरेका छन् । प्रधानमन्त्री ओलीको पक्षमा सचिवालय सदस्यहरु ईश्वर पोखरेल र रामबहादुर थापा मात्रै छन् । ९ सदस्यीय बाँकी पृष्ठ २ मा

## क्वारेन्टिन बस्ने

# आधा घटे

■सोमबार एकै दिन ३७० निको भए ■संक्रमित संख्या ५३५ थपिए

दश दिन अगाडि भन्दा क्वारेन्टिनमा बस्नेको संख्या आधा भन्दा बढी घटेको छ । एक लाख ७० हजार नाघेको क्वारेन्टिन बस्नेको संख्या सोमबारसम्म ९० हजारमा झरेको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार ।

कोभिड-१९ का ३७० संक्रमित निको भएर घर फर्किएका छन् । निको भएर घर फर्कने संख्या सोमबार अहिलेसम्मकै उच्च हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले विभिन्न अस्पतालबाट ३३८ पुरुष र ३२ महिला निको भएर घर फर्किएका छन् । आइतबार मात्र १९४ जना डिस्चार्ज भएका थिए । सोमबार डिस्चार्ज भएर घर फर्कनेमा दैलेखस्थित दैलेख अस्पतालबाट धेरै छन् । अस्पतालबाट निको भएर घर फर्कनेमा २६५ जना दैलेखका छन् । ती मध्ये १९ महिला र २४६ पुरुष छन् ।

कोरोना विशेष अस्पताल दाङबाट एक महिला र पाँच पुरुष, प्रादेशिक अस्पताल सुर्खेतबाट चार महिला र दुई पुरुष, कालिकोट अस्पताल कालिकोटबाट दुई महिला र २६ पुरुष, सल्यान अस्पताल सल्यानबाट एक महिला र ३६ पुरुष, नारायणी अस्पताल वीरगञ्जबाट दुई महिला र नौ पुरुष, धादिङ अस्पताल धादिङबाट चार महिला र १३ पुरुष छन् । अहिलेसम्म दुई हजार १४२ जना डिस्चार्ज भइसकेका छन् । ती मध्ये १६१ महिला र एक हजार ९६१ पुरुष छन् ।



प्रदेश नं १ कोशी अस्पताल (कोभिड-१९) उपचार केन्द्र विराटनगरबाट निको भइ सोमबार घर फर्कन लागि पूर्व संक्रमितलाई बिदाई गर्दै केन्द्रका निमित्त प्रमुख व्यवस्थापक ध्रुव उराँव । *तस्वीरः मनोज दाहाल, रासस*

### ५३५ थपिए

सोमबार देशभर ५३५ थप संक्रमित पुष्टि भएको छ । २४ प्रयोगशालामा गरिएको परीक्षणमा ४६१ पुरुष र ७४ महिलामा छन् । सोमबार थपिएको सहित संक्रमित संख्या नौ हजार ५६१ पुगेको छ । ती मध्ये आठ हजार ६६७ पुरुष र ८९४ महिला छन् । मन्त्रालयका अनुसार, रसुवा बाहेक ७६ जिल्लामा संक्रमण फैलिएको छ । एक लाख ८१ हजार ३७१ जनामा पिसिआर र दुई लाख ६८ हजार १०३ जनामा आरडिटी परीक्षण गरिएको छ । पछिल्ला २४ घण्टामा पिसिआर छ हजार १९८ र आरडिटी पाँच हजार ९२९ जनामा गरिएको छ ।

### क्वारेन्टिनमा बस्ने घटे

सरकारले दिएको तथ्यअनुसार, क्वारेन्टिनमा बस्नेको संख्या घटेको छ । देशभरको क्वारेन्टिनमा कुनै बेला पचाँस हजार बढी बसेका थिए । गएको जेठ २५ गते देशभरका क्वारेन्टिनमा एक लाख १७ हजार ४४ वेड रहेपनि क्वारेन्टिनमा बस्नेको संख्या भने एक लाख ७० हजार नाघेको थियो ।

तर, सोमबार देशभरका क्वारेन्टिनमा ९० हजार ३७० जना क्वारेन्टिन जना मात्रै छन् । आइसोलेसनमा बस्नेको संख्या भने उल्लेख्य रुपमा घट्न सकेको छैन । मन्त्रालयका अनुसार,सात हजार ७८९ जना आइसोलेशनमा छन् ।

सरकारले परीक्षणको दर बढाएसँगै क्वारेन्टिनमा बस्नेको संख्या घटेको दावी गरिएको छ । आइतबार २२ वटा प्रयोगशालाबाट ६ हजार आठ जनाको पीसीआर परीक्षण गरिएको छ । महामारीका कारण सोमबार सम्म २३ जनाको मृत्यु भएको छ । त्यसमध्ये चार जना महिला छन् । परीक्षणको दायरा बढाइएको र विदेशबाट आउनेको संख्या पनि बढेकाले अहिले संक्रमित संख्या धेरै देखिएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले अझै कन्ट्याक ट्रेसिङका लागि २० वटा टीम तयारी अवस्थामा राखेको छ । ती तीमलाई सातै प्रदेशमा परिचालन गर्ने तयारी भएको छ ।

## कोरिया भिसाधारीहरुद्वारा विभागमा नारावाजी र घेराउ

# ढिलो गरे भिसा गुम्ने खतरा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार

रोजगारीका लागि कोरिया जान छनोटमा परेका कामदारहरुले सरकारले उडान अनुमति नदिँदा आफुहरुले पाएको आकर्षक रोजगारी गुम्न लागेको भन्दै वैदेशिक रोजगार विभाग घेराउ गरेका छन् । सरकारले उडान अनुमति नदिएका कारण कोरियाबाट कृषि र म्यानुफ्याक्चर क्षेत्रको भिसा आएका करिब २५ सय युवाहरु रोजगारीका लागि कोरिया जान पाएका छैनन् । त्यसमध्ये करिब तीन सय युवा सोमबार विभाग पुगेका थिए । त्यसमध्येका एक अजय सोडारीले सरकारको कारण आफुहरुले पाउन लागेको आकर्षक तलवसहितको रोजगारी गुमाउने अवस्थामा पुगेको भन्दै आक्रोस पोखे ।

त्यसअघि उनीहरु ईपीएस कार्यालय ग्वार्को पुगेको र उक्त कार्यालयमा आफुहरुलाई जवाफ दिने अधिकारी नभेटिएको भन्दै विभाग आएका थिए । विभागमा उनीहरुका तर्फबाट ५ जना युवा र महानिर्देशक कुमार दाहालबीच छलफल भएको थियो । छलफलपछि मंगलबार बिहान आठ बजे कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सीसीएमसी)सँग उडान अनुमतिका लागि छलफल हुने तय भएको सोडारीले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए ।

कोरोना संक्रमणपछि १ सय ३ जना कामदार कोरिया गएपनि अरु कामदार जान पाएका छैनन् । कोरियाले सोमबार कोरोना संक्रमण व्यापक रुपमा बढीरहेको दक्षिण एशियाका पाकिस्तान र बंगलादेशका कामदारलाई भिसा दिन बन्द गरेपछि छनोटमा परेका कामदार आत्तिएको सोडारीले बताए । छनोट भएका कामदार नेपालबाट कोरिया गइसकेपछि एक हप्ताको तालिम दिएपछि मात्र रोजगारदाताको टुंगो लाग्ने गरेको छ । नेपालका कोरोना संक्रमण दिनदिनै बढेपछि कोरियाले पाकिस्तान र बंगलादेश जस्तै नेपालीहरुलाई पनि रोक्ने त्रास रहेको उनीहरुले बताए । विभागका महानिर्देशक दाहालले सीसीएमसीले चार्टर उडान अनुमति दिनासाथ विभागले प्रक्रिया सहज गरिदिने बताएका छन् ।

रोजगारीका लागि छनोट भएका युवाहरु नेपालबाट कोरिया सहजरुपमा नगएपछि कोरियाली पक्ष नेपालसँग रुष्ट भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय श्रोतले बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## मलेसियन एयरको उडान तालिका सार्वजनिक

**काठमाडौं/मस-** मलेसियन एयरलाइन्सले आगामी जुलाई ८ तारिकदेखि अक्टुबर २४ तारिकसम्मको काठमाडौं-क्वालालम्पुर उडान तालिका सार्वजनिक गरेको छ । नेपाल सरकारले अन्तर्राष्ट्रिय उडानमाथिको प्रतिवन्ध फुकुवा नगर्दै मलेसियन एयरलाइन्सले करिब ४ महिनाको उडान तालिका सार्वजनिक गरेको हो ।

उक्त एयरले जुलाई महिनामा क्वालालम्पुरबाट काठमाडौंका लागि ७ वटा, अगस्ट महिनामा १४, सेप्टेम्बर महिनामा १८ र अक्टुबर महिनामा १४ वटा उडान हुने जनाएको छ । त्यसैगरी काठमाडौंबाट क्वालालम्पुर पनि त्यति नै फ्लाईट हुने जनाएको छ ।

नेपालसहित मलेसियन एयरलाइन्सले क्वालालम्पुर-ढाका, ढाका-क्वालालम्पुर, क्वालालम्पुर-कोलम्बो, कोलम्बो-क्वालालम्पुर, क्वालालम्पुर-चेन्नई, चेन्नई-क्वालालम्पुर, क्वालालम्पुर-बेंगलोर, बेंगलोर-क्वालालम्पुर, हैदरवाद-क्वालालम्पुर, क्वालालम्पुर-हैदरावादका साथै भारतका अन्य विभिन्न शहरका लागि पनि सोही मितिमा फ्लाइट तालिका सार्वजनिक गरेको छ ।

## साढे ६ हजारको उद्धार

**काठमाडौं/मस-** कोरोना महामारीका कारण विदेशमा अलपत्र परेका कामदारमध्ये हालसम्म ६ हजार ४ सय ८२ जना नेपाली स्वदेश फकिएका छन् । सरकारले प्राथमिकताको आधारमा विदेशमा अलपत्र नेपालीलाई स्वदेश फर्काउने निर्णय गरेपछि गत जेठ २३ गतेदेखि विभिन्न १८ मुलुकबाट नेपाली स्वदेश फर्काउन शुरु गरिएको हो ।

हालसम्म जापानबाट २ सय ४८, अष्ट्रेलियाबाट ११, कुवेतबाट एक हजार २ सय १४, म्यानमारबाट २६, बंगलादेशबाट ८ सय १५, हङकङबाट १७, ओमानबाट ३ सय १३, श्रीलंकाबाट ५, थाइल्याण्डबाट २ सय ४८, साउदीबाट ४ सय १, यूएईबाट एक हजार ८५ र कतारबाट १ सय बाँकी पृष्ठ २ मा

## काँग्रेसको चेतावनी

# निर्णय नसच्याए राजनीतिक दुर्घटना

नेपाली पुरूषसँग विवाह गरी आउने विदेशी महिलाले सात वर्ष पछाडि मात्रै अंगीकृत नागरिकता पाउने व्यवस्थाले राजनीतिक दुर्घटना निम्तन सक्ने प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले चेतावनी दिएको छ ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको बहुमतबाट नेपाली पुरुषसँग विवाह गर्ने विदेशी महिलाले सात वर्ष पछाडि मात्रै अंगीकृत नागरिकता पाउने निर्णय गरेपछि प्रमुख प्रतिपक्षी दलले कडा चेतावनी दिएको छ । सोमबारको प्रतिनिधिसभा बैठकमा विपक्षी दलका सांसदहरुले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठक र राज्य व्यवस्था तथा सुशासन समितिको बहुमतबाट भएको निर्णय पुनर्विचार गर्न माग गरेका छन् ।

बैठकको विशेष समयमा बोल्दै सांसद जितेन्द्रनारायण देवले वैवाहिक अङ्गीकृत नागरिकता सम्बन्धमा नेकपा सचिवालयले गरेको निर्णयको असर राज्य व्यवस्था समितिमा परेको र उक्त निर्णय अदूरदर्शी र अपरिपक्व भएको बताए । उनले यो निर्णय नसच्याए मुलुक राजनीतिक दुर्घटना निम्तने चेतावनी दिए । "अन्तरिम संविधानले व्यवस्था गरेको र राजनीतिक सहमतिमा आएको विषय उल्ट्याउँदा मुलुक दुर्घटनातर्फ उन्मुख हुन्छ", उनले भने ।

उनले तराई मधेसका जनताको भारत सीमाक्षेत्रका नागरिकसँगको विवाह सम्बन्ध तोडेर मुलुकको राष्ट्रियता बलियो नहुने तर्क गर्दै भारतसँगको सांस्कृतिक सम्बन्ध कसैले तोडेर नटुट्ने बताउनुभयो । साथै उहाँले निर्णयमा बाँकी पृष्ठ २ मा

किशोरीहरूको आवद्धता, उज्जवल भविष्यको सुनिश्चितता ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## लेखा समितिको निष्कर्ष

# स्वास्थ्य उपकरण खरिद प्रक्रिया पारदर्शी भएन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार

कोरोना भाइरस रोकथामका लागि स्वास्थ्य उपकरण खरिद प्रकरणमा असम्बन्धित व्यक्तिलाई संलग्न गराई अख्तियारको दुरुपयोग भएको पाइएको छ। संघीय संसद प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिको सोमबारको बैठकले खरिद प्रक्रिया पारदर्शी नभएको निष्कर्ष निकालेको हो।

समितिले प्रारम्भिक अध्ययनमा खरिद प्रक्रियामा विभागीय प्रमुखले नेतृत्व गर्नुपर्नेमा अन्य असम्बन्धित व्यक्तिलाई संलग्न गराई अख्तियारको दुरुपयोग गरेको देखिएको निस्कर्ष निकालेको हो। यस्तै खरिद प्रक्रिया अगाडि बढाएर सम्झौता गरेपछि मात्रै बजेटको माग गरिएको पाइएको समितिको भनाइ छ। लेखा समितिले खरिद कार्यमा संलग्न विज्ञ स्वास्थ्य सल्लाहकारलाई खरिद प्रक्रियामा संलग्न गराउने आधार पेश गर्न नसकेको र खरिद ऐनमा व्यवस्था भएको मूल्याङ्कन समितिको कुनै भूमिका नदेखिएको जनाएको छ।



प्रारम्भिक छलफलमा सहभागी नभएको अनिता बिजनेस हाउस प्रा.लि. वार्तामा सहभागी गराएको र कोटेशन लिएको, लागत अनुमान नेपाली रुपैयाँमा तयार गरी अमेरिकी डलरमा सम्झौता गरेकोकारणले स्वास्थ्य सामग्रीको मूल्यमा तलमाथि परेको समेत समितिको ठहर छ। ओम्नी बिजनेस प्रालि (ओबिसिआई) सँग स्वास्थ्य सामग्री खरिद गर्न सम्झौता गरेको र दुई दिन म्याद बाँकी छदैं २०७६ चैत २० गते खरिद सम्झौता रद्ध गरेको र कालो सूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पत्राचार गरेको तर उक्त कम्पनीबाट मन्त्रालयलाई भएको क्षतिको आँकलन गरी क्षतिपूर्ति भराउने काम नगरेको तथ्यहरु प्रारम्भिक अध्ययनमा फेला परेको समितिले जनाएको छ।

समितिको छलफलमा सहभागी सांसदहरुले स्वास्थ्य सामग्री खरिदको जिम्मा ओम्नी समूहलाई देखाएको हतारले अनियमितता भएको आशंका जन्माएको बताएका छन्। ओम्नीलाई स्वास्थ्य सामग्री खरिदको जिम्मा दिनका लागि चैत १२ गते भएका बैठकका श्रृंखलाले अनियमितता भएको आशंका जन्माएको उनीहरुको भनाइ छ।

बैठकमा प्रधानमन्त्री कार्यालयका सचिव नारायणप्रसाद बिडारीले कोरोना भाइरस संक्रमण नियन्त्रण र रोकथामका लागि सरकारले प्रदेश र स्थानीय तहहरूलाई विनियोजन गरेको बताए। कोरोना केन्द्रीय कोषको रकम दुरुपयोग नभएको उनको दावी छ।

स्वास्थ्य सचिव लक्ष्मण अर्याल र स्वास्थ्य सेवा विभागका महानिर्देशक दिपेन्द्ररमन सिंहले आफुहरु भर्खरमात्र जिम्मेवारी सम्हालेकाले धेरै जानकारी नभएको जवाफ दिए।

लेखाको अनुसन्धानमा ओम्नी बिजनेससँग कार्य सम्पादन जमानत जफत गर्न बैंकलाई पत्राचार गरेको तर जफत भए नभएको जानकारी प्राप्त नभएको, कम्पनीले सम्झौता अनुसार खरिदमा पुऱ्याएको क्षतिको असुल उपर नगरी गैर कानुनी रुपमा भुक्तानी दिएको भेटिएको छ।

गुणस्तरहिन पीसीआर मेशिन खरिद गरिएको, औषधि व्यवस्था विभागबाट अनुगमन नगरी सामग्री उपयोग गरेको, जनस्वास्थ्य प्रयोगशालामा सामग्रीको परीक्षण नभएको, प्रयाप्त संख्यामा निर्धारित समयमा सामग्री प्राप्त नभएका तथ्याङ्क उपलब्ध नगराएको समितिले जनाएको छ।

# अख्तियारले निजी क्षेत्र हेर्ने विषयमा निजी क्षेत्रको विरोध

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार




सरकारले बैंकिङ क्षेत्रलगायत निजी क्षेत्रमाथि अख्तियारले निगरानी गर्ने गरी विधेयक ल्याएपछि उद्योगी व्यवसायीहरुले विरोध जनाएका छन्। निजी क्षेत्र माथिसमेत निगरानी गर्ने अधिकारसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोग सम्बन्धी विधेयक राष्ट्रियसभामा छलफलमा छ। राष्ट्रियसभाको सोमबारको बैठकमा विधायन व्यवस्थापन समितिका सभापति परशुराम मेघी गुरुङले 'अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) २०७६' सम्बन्धमा समितिले छलफल गरी टुंगो लगाएको प्रतिवेदन पेश गरेका छन्।

जसमा बैंक, मेडिकल कलेज लगायतका सार्वनजनिक संस्थाहरुलाई अख्तियारले निगरानी गर्ने उल्लेख गरिएको छ। उक्त व्यवस्थाले निजी क्षेत्रमाथि राज्यले संवैधानिक अंगमार्फत नियन्त्रण गर्न खोजेको उद्योगी व्यवसायीहरुले बताएका छन्। उनीहरुले निजी क्षेत्रको नियमन गर्ने छुट्टाछुट्टै निकाय हुँदाहुँदै अख्तियारलाई निगरानी गर्न दिन नहुने बताएका छन्।

अख्तियारले निगरानी गर्दा निजी क्षेत्रको मनोबल कमजोर बन्ने र लगानी बढ्न नसक्ने तर्क निजी क्षेत्रको छ। नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष कमलेश अग्रवालले निजी क्षेत्रलाई अख्तियारको दायराभित्र ल्याउन खोज्नु संविधान विपरित हुने बताए। उनले यस्तो व्यवस्था सैद्धान्तिक एवं व्यवहारीक दृष्टिकोणले पनि उपयुक्त नहुने र संवैधानिक मर्म विपरित हुने बताए। यसबाट निजी क्षेत्र हतोत्साहि हुने र काम गर्ने मनोबल गुम्ने उपाध्यक्ष अग्रवालले बताए।

नेपाल उद्योग वाणिज्य महासंघ बैंकिङ समितिका सभापति सौरभ ज्योतिले निजी क्षेत्रलाई नियमन गर्ने नेपाल सरकारका विभिन्न निकाय भएको अवस्थामा अख्तियारको दायराभित्र पार्नु उपयुक्त नहुने बताए।

सनराइज बैंकका प्रमख् कार्यकारी अधिकृत जनक शर्मा पौडेलले बैंकिङ क्षेत्रको नियामक निकाय नेपाल राष्ट्र बैंक हुँदाहुँदै अर्को निकायलाई निगरानी गर्ने जिम्मा दिन नहुने बताए। उनले एउटा निकायले जन्माएर हुर्काएका संस्था माथि अर्को क्षेत्रले निगरानी गर्दा नियामक निकायको कार्यक्षेत्रमाथि हस्तक्षेप हुन सक्ने खतरा बढ्ने बताए। हरेक क्षेत्रमा आ-आफ्नै नियामक निकाय भएकाले तिनै नियामक निकायलाई थप बलियो बनाउँदै नियमन गर्नुपर्ने वातावरण निर्माण गर्नुपर्ने अवस्थामा सरकारले अख्तियारलाई दिने व्यवस्था गर्नु गलत हुने पौडेलले बताए।

नेपाली कांग्रेसका राष्ट्रिय सभा सदस्य राधेश्याम अधिकारीले निजी क्षेत्रप्रति सरकार आफ्नो दायित्वबाट पछाडि हट्ने र अख्तियारलाई बलियो बनाउन खोजेको स्पस्ट भएको बताए। निजी क्षेत्रमा हुने भष्ट्राचार नियन्त्रणका लागि नियामक निकायहरुले काम गरिरहेको अवस्थामा अख्तियारलाई ल्याउँदा निजी क्षेत्र हतोत्साही हुने उनले बताए। यसबाट निजी क्षेत्रले लगानी गर्न नसकने र भएका उद्योग प्रतिष्ठानहरु समेत बन्द हुन सक्ने अधिकारीले बताए।

राष्ट्रिय सभा सदस्य रामनारायण बिडारीले भने जनताको पैसासँग जोडिएका क्षेत्रहरुमाथि अख्तियारको निगरानी आवश्यक भएको बताए। उनले नाफा नोक्सान व्यक्तिले लिने गरी खोलिएका सार्वजनिक कम्पनी भन्दा सर्वसाधारण जनता वा शेयरधनीले व्यहोर्ने गरी खोलिएका सार्वजनिक संस्थामा अख्तियारको निगरानी उचित रहेको बताए। तर व्यक्तिगत नाफा नोक्सान व्यहोर्ने सांस्था वा निजी कम्पनीलाई अख्तियारको क्षेत्राधिकार भित्र कुनैपनि रुपमा राख्न नहुने बिडारीले बताए।

'अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक २०७६'को दफा २ खण्ड (ङ दुई मा सार्वजनिक संस्थाको परिभाषा भित्र निजी कम्पनी, बैंक, मेडिकल कलेज लगायतलाई समावेस गरिएको छ। उक्त परिभाषा भित्र 'नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा प्रचलित कानून बमोजिम स्थापित आयोग, समिति, संस्थान, प्राधिकरण, निगम, कम्पनी, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्, बैंक, मेडिकल कलेज र सोसँग समबद्ध अस्पताल वा यस्तै प्रकृतिका अन्य कुनै संगठित संस्था' को निगरानी अख्तियारले गर्ने उल्लेख गरिएको छ।

## निजी शैक्षिक संस्थालाई शुल्क नलिन अनेरास्ववियूको आग्रह

**काठमाडौं/मस-** अनेरास्ववियूले निजी शैक्षिक संस्थालाई लकडाउनको अवधि जारी रहँदासम्म कुनै पनि शीर्षकमा शुल्क नअसुल्न आग्रह गरेको छ। अनेरास्ववियूका संयोजक ऐन महर र सहसंयोजक रञ्जित तामाङले आज विज्ञप्ति जारी गर्दै निजी तथा आवासीय विद्यालय सङ्गठन (प्याब्सन) राष्ट्रिय निजी तथा आवासीय विद्यालय सङ्गठन (एनप्याब्सन)लाई लकडाउनका समयमा कुनै पनि शीर्षकमा शुल्क नलिने आग्रह गरेका हुन्।

आइतबार प्याब्सन र एनप्याब्सनले लकडाउनबीच पनि अनलाइन कक्षा सञ्चालन गरेको भन्दै शुल्क लिने भने अपिल जारी गरेका थिए। विज्ञप्तिमा प्याब्सन र एनप्याब्सनद्वारा विद्यार्थी र अभिभावकको ढाडसेक्ने गरी लकडाउनको कष्टकर बेलामा पनि शुल्क असुल्ने अभिप्रायस्वरुप जारी गरिएको अपिलप्रति अनेरास्ववियूको ध्यानाकर्षण भएको भन्दै कोरोना कहरका कारण लकडाउनले गर्दा विद्यार्थी र अभिभावक चौतर्फीरुपमा आक्रान्त भएका बेला हठात् शुल्क उठाउने निजी विद्यालय सञ्चालकको आह्वानप्रति भर्त्सनासमेत गरिएको छ।

'हामी सबैलाई थाहा छ यतिबेला लकडाउनका कारण मुलुकमा झण्डै ९० लाख विद्यार्थी शिक्षालय जानबाट रोकिएका छन्। अझ विद्यालय तहमा कलिला बालबालिका पढ्ने भएकाले कोरोना कहरका दृष्टिले विद्यालय क्षेत्र झनै संवेदनशील छ,' विज्ञप्तिमा भनिएको छ, 'यस्तो विषम परिस्थितिमा सरकारले लिएको नीति र विद्यार्थी अभिभावकले बेहोरिरहेको सङ्कटलाई पूर्णरुपमा बेवास्ता गरी एकतर्फीरुपमा शुल्क उठाउने आह्वान आपत्तिजनक छ।'

## नमुना युवा संसदको प्रधानमन्त्रीमा बस्नेत निर्वाचित




**दोलखा/मस-** दोलखाको भीमेश्वर नगरपालिकाले आयोजना गरेको नमुना युवा संसदको प्रधानमन्त्रीमा दोलखाका सामाजिक कार्यमा क्रियाशील युवा राजन बस्नेत निर्वाचित भएका छन्। युवा पुस्तालाई व्यवस्थापिका संसदको प्रक्रिया र नीतिगत व्यवस्थाबारे जानकारी गराउने उद्देश्यले भीमेश्वर नगरपालिकाका युवाहरूलाई संलग्न गराएर नमुना युवा संसद सञ्चालन गरिएको हो। नमुना युवा संसदको सभामुख पदमा भी.न.पा ९ का युवा भीमबहादुर खत्री, गृहमन्त्रीमा भी.न.पा ४ का दिनेश चौलागाईं, शिक्षा तथा खेलकुद मन्त्रीमा भी.न.पा १ का विकल्प थामी, स्वास्थ्य मन्त्रीमा भी.न.पा ४ कि सबिना चौलागाईं, प्रमुख प्रतिपक्ष दलका नेतामा भी.न.पा ७ का महेश भुजेल, प्रमुख सचेतकमा भी.न.पा ९ कि रन्जिता भुजेल लगायत निर्वाचित भएको भीमेश्वर नगरपालिका शिक्षा शाखाका अधिकृत अर्जुन कार्कीले जानकारी दिए। सरकार, सांसद र प्रतिपक्षीको अभ्यास गरिएको संसदमा सरकारको नीति तथा कार्यक्रममाथि विपक्षी दलका सांसदहरुले प्रश्न उठाएका थिए भने सत्तापक्षका प्रधानमन्त्री तथा मन्त्रीहरुले जवाफ दिएका थिए। सदनमा सबैको प्रतिनिधित्व हुने गरी समावेशी मन्त्रीपरिषद् गठन गरिएको थियो। नेपालको संविधान २०७२ को कार्यविधिअनुसार नमुना संसदको कारवाही अघि बढेको हो।

उनीहरूले युवा संसद र सरकारको अभ्यास गर्दै कोरोना भाइरस संक्रमण रोक्न सरकारले गरेको गतिविधि, कोरोनाका कारण रोकिएको शैक्षिक गतिविधिलाई अघि बढाउन सरकारको नीति, नेपालको भूमि लिम्पियाधुरा, कालापानी र लिपुलेक फिर्ता गर्न सरकारको रणनीति लगायतका विषयमा छलफल गरेको थियो। राष्ट्रिय युवा परिषद्ले स्थानीय तहमा युवाको सशक्तिकरण तथा सामाजिक, राजनीतिक, शैक्षिक मूल प्रवाहिकरणमा सहभागिता खोज्न यस प्रकारको नमुना कार्यक्रम सञ्चालनमा ल्याएको हो। भविष्यमा नेतृत्व तहमा सक्षम जनशक्ति पुऱ्याउने लक्ष्यका साथ सञ्चालित कार्यक्रममा १६ देखि २४ वर्षका युवा सहभागी छन्। युवा प्रधानमन्त्री बस्नेतले युवाहरुको हक, अधिकार र संरक्षणमा सक्रिय भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्दै सुखी नेपाली समृद्धि नेपाल निर्माण गर्नका लागि युवाहरु एक जुट भएर अगाडि बढ्नुको विकल्प नरहेको जिकिर गरे।

कार्यक्रममा बोल्दै भीमेश्वर नगरपालिकाका प्रमुख भरत केसीले नमुना युवा संसदको अभ्यासबाट युवाको क्षमतामा वृद्धि विकास हुनुका साथै युवाहरुमा रहेको अन्तरनीहित प्रतिभा प्रस्फुटन गर्न सहयोग पुग्ने धारणा व्यक्त गरे। कार्यक्रममा भीमेश्वर नगरपालिकाको उपमेयर कमला बस्नेत वडा अध्यक्षहरु लगायतको उपस्तिथि रहेको थियो। कार्यक्रम कोरोना संक्रमणकाबीच भौतिक दुरी कायम गरी सम्पन्न भएको थियो।

## स्थायी...

सचिवालय मध्ये बाँकी ६ जना प्रचण्ड, बरिष्ठ नेता झलनाथ खनाल, बरिष्ठ नेता माधवकुमार नेपाल, उपाध्यक्ष बामदेव गौतम, प्रचार विभाग प्रमुख नारायणकाजी श्रेष्ठ र महासचिव बिष्णुप्रसाद पौडेल प्रधानमन्त्री ओलीको इतरमा छन्। विशेषगरी अध्यक्ष र प्रधानमन्त्री मध्ये एक पद छोड्नुपर्ने अडानमा उनी इतरका नेताहरु एकमत छन्।

गौतमको निवास भैसेपाटीमा गएको वैशाख ११ गते बसेको बैठकले निकालेको निष्कर्ष फेरि राख्ने तयारी भइरहेको छ। सरकारको कार्यशैली ठीक नभएको, भ्रष्टाचार मौलाएको, कोभिड महामारी रोकथाममा प्रभावकारी काम गर्न नसकेको, अर्काका दल विभाजन गर्नेगरी अध्यादेश ल्याएको लगायतका कारण प्रधानमन्त्री ओली इतरका समूह प्रश्न उठाउने तयारीमा छन्।

यता, प्रधानमन्त्री ओली निकट नेताहरुले पनि आवश्यक परे मन्त्रिपरिषद पुनर्गठन गर्नेदेखि प्रधानमन्त्रीकै सचिवालय फेर्न तयार हुनेसम्मको प्रस्ताव राख्ने तयारीमा जुटेका छन्। त्यसका लागि प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेल काठमाडौं नै आइसकेका छन्। तर, कहिले गौतमलाई प्रधानमन्त्रीको प्रस्ताव गर्ने त कहिले गौतमलाई राष्ट्रियसभामा पठाउने पार्टीको सर्वसहमत निर्णय बिपरीत समेत प्रधानमन्त्री उभिएर धोका दिएको भन्दै यसपटक कुनै हालतमा नछोड्ने तयारीमा प्रधानमन्त्री इतर समूह लागिपरेका छन्।

## कोरिया...

बतायो। शुरुमा कोरियामा संक्रमण फाट्फुट् देखिएको बेला नेपालमा संक्रमण व्यापक बनेको भन्दै कामदार पठाउन ढिला गरेपछि नेपालस्थित दक्षिण कोरियाको राजदूतावासले परराष्ट्र मन्त्रालय र श्रम मन्त्रालयमा गुनासोसहितको पत्र पठाएको थियो। उक्त पत्रका वावजुद नेपालबाट कामदार जान निरन्तर ढिलाई गरेपछि नेपालको व्यवस्थापन देखेर कोरियाली रोजगारदाताहरुले नेपालीको विकल्प खोज्नुपर्ने आफ्नो सरकारलाई सुझाव दिन थालेको विभागमा आएका युवाहरुको भनाइ छ।

सोमबारसम्म दक्षिण कोरियामा १२ हजार ४ सय ३८ कोरोना भाइरसका बिरामी छन्। त्यसमा २ सय ८० जनाको मृत्यु भएको छ। कोरियामा झण्डै ४० हजार नेपाली कामदार छन्।

## साढे ६ ...

९२ जनाको उद्धार गरिएको छ। यसैगरी माल्दिभ्सबाट ३ सय ८, कोरियाबाट २ सय २८, मलेसियाबाट ५ सय १७ र सिंगापुर र कम्बोडियाबाट संयुक्त रुपमा १ सय ४६ जनाको उद्धार गरिएको छ।

त्यसमध्ये सोमबार मात्र ७ सय ३ जना नेपाल फर्किएका छन्। सोमबार यूएईको सारजाहबाट १ सय ६५, माल्दिभ्सबाट १ सय ५६ जना, बहराइनबाट १ सय ५० जना, पाकिस्तानबाट ७२ जना, कुवेतबाट १ सय ६० जना र अफगानिस्तानबाट १८ जना फर्किएका छन्। हालसम्म ४४ वटा शव नेपाल ल्याइएकोमा सोमबार ३ वटा शव ल्याइएको छ।

## काँग्रेसको ...

पुनःविचार गर्न आग्रह गरे। देवले मुलुकको परराष्ट्र नीति दुई छिमेकी चीन र भारतसँगको समुदरीका आधारमा हुनुपर्ने बताए।

सांसद मृगेन्द्रकुमार सिंह यादवले नागरिकता विधेयक सम्बन्धमा नेकपाले सहमतिको बाटो छोडेर निर्णय गरेको भन्दै यसमा दुःख लागेको बताए। उक्त निर्णयले तराईका समुदायको संस्कृतिमाथि अतिक्रमण हुने आरोप लगाए।

सांसद देवेन्द्र दाहालले शून्य र विशेष समयमा बोलेको कुरा वेवारिसे हुने गरेको उल्लेख गर्दै रेकर्डमा मात्र सीमित हुने र जनताका कुरा उठ्ने काम नहुने विषयले खासै अर्थ नराख्ने बताए। जनताका कुरा सुनुवाइ नभएको देखिएको हुँदा आगामी दिनमा समाधानका लागि सभाका अध्यक्षमार्फत सरकारको ध्यानाकर्षण गराए।

सांसद शेखरकुमार सिंहले वर्षायाम शुरु भएको बताउँदै तराई मधेसमा वर्षेनी बाढीबाट हुने क्षतिका सम्बन्धमा समयमै सरकारले ध्यान दिई समाधानका लागि आवश्यक पहल गर्नुपर्ने बताए। बैठकले बजेटसँग सम्बन्धीत विभिन्न तीन विधयेक पारित गरेको छ। प्रतिनिधिसभाबाट सन्देश सहित आएका आर्थिक विधेयक, २०७७, राष्ट्र ऋण उठाउने विधेयक, २०७७ र ऋण तथा जमानत विधेयक, २०७७ पारित गरेको छ।

अर्थमन्त्री डा युवराज खतिवडाले विधेयकको दफावार छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिदै प्रदुषण हटाउन विद्युतीय सवारी बजेटको प्राथमिकतामा रहेको उल्लेख गर्दै सार्वजनिक यातायाताका साधनमा भएको कर यथावत रहेको स्पष्ट पारेका थिए। विद्युतको खपत बढाउने थुप्रै कार्यक्रम बजेटमा रहेको बताउदै कृषिमा रसायनिक मलको भन्सार महशुल नबढेको, पेट्रोलियम पदार्थको मूल्य भारतमा भन्दा नेपालमा रु २० सस्तो भएकाले यसमा पूर्वाधार कर लगाइएको जानकारी गराए।

## 'पत्रकारलाई निकाल्ने सञ्चारगृहविरुद्ध आन्दोलन गर्नुपर्ने'




**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघले कोभिड-१९ को असरपछि विभिन्न सञ्चारगृहमा श्रमजीवी पत्रकारले व्यहोर्नु परिरहेको समस्या समाधानका लागि सरोकारवाला संगठनहरुसँग छलफल गरेको छ। महासंघ केन्द्रीय कार्यालयमा भएको छलफलमा नेपाल प्रेस युनियन, प्रेस संगठन नेपाल, क्रान्तिकारी पत्रकार महासंघ, क्रान्तिकारी पत्रकार संगठन नेपाल, आदिवासी जनजाति पत्रकार महासंघ, सञ्चारिका समूह, प्रेस नेपाल, मिडिया नेपाल लगायतको सहभागिता थियो।

छलफलमा सहभागीहरुले विभिन्न सञ्चारमाध्यमले कोभिड-१९ को बहानामा पत्रकारलाई निष्काशन गर्ने, बिदामा बस्न बाध्य बनाउने, पारिश्रमिक लगायत सुविधा कटौती गरी काम गर्न नसक्ने वातावरण बनाउने क्रम चलिरहेकाले पत्रकारको पेशागत अधिकार रक्षाको लागि महासंघको नेतृत्वमा कडा आन्दोलन गर्न सुभाव दिएका छन्।

कार्यक्रममा महासंघका अध्यक्ष गोविन्द आचार्यले महासंघले श्रमजीवी पत्रकारका विषयमा कोहीकसैसँग सम्झौता नगर्ने र अहिलेको संकटपूर्ण समयको बहानामा पत्रकारमाथि भइरहेको अमानवीय व्यवहारको डटेर सामना गर्ने बताए। यसका लागि सञ्चारमाध्यम मात्र नभएर सञ्चालकका घरमै पुगेर धर्ना दिने तयारी पनि गरिएको उनले जानकारी दिए।

नेपाल प्रेस युनियनका अध्यक्ष बद्री सिग्देलले अहिले वर्षौंदेखि नेपालका पत्रकारले व्यहोर्नु परिरहेको समस्या समाधान गरी यो क्षेत्रलाई व्यवस्थित, पारदर्शी र आकर्षणको थलो बनाउने अवसर आएकाले सबै संगठनले मिलेर काम गर्नुपर्ने बताए। उनले मिडिया सञ्चालकले गैरजिम्मेवार काम गरिरहेको र सरकारले पनि पत्रकारका लागि कुनै राहतको कार्यक्रम नल्याएकाले पत्रकारहरु निरीह बनेको बताए। उनले यस किसिमका समस्या समाधानका लागि पत्रकार महासंघले अगुवाई गर्नुपर्ने बताए।

यस्तै प्रेस संगठन नेपालका अध्यक्ष महेश्वर दाहालले वर्षौं मिडिया चलाएर ठूलो रकम कमाएका सञ्चालकले कोभिडको बहानामा पहिलो महिनादेखि नै पत्रकारलाई निष्काशन गर्नु, बिदामा राख्नु वा दिइरहेको सुविधा कटौती गर्नु बहानाबाजी मात्र भएको बताए।

आदिवासी जनजाति पत्रकार महासंघका अध्यक्ष डण्ड गुरुङले सरकारले संकटमा परेका पत्रकारका लागि कुनैपनि राहतका कार्यक्रम नल्याएको बताए। यस्तै सञ्चारिका समूहका अध्यक्ष नितु पण्डितले अहिलेको समयमा पत्रकार महिला अझ समस्यमा रहेकोतर्फ ध्यानाकर्षण गराइन्।

छलफलमा प्रेस नेपालका अध्यक्ष केशव राज अर्याल, मिडिया नेपालका अध्यक्ष गोपाल पौड्याल, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, लोकतान्त्रिक छापामाध्यम सञ्जालका अध्यक्ष दामोदरप्रसाद दवाडी, क्रान्तिकारी पत्रकार संगठन नेपालका धनञ्जय बुढा लगायतले संकटको घडीमा श्रमजीवी पत्रकारहरुको पेशागत अधिकार रक्षाका लागि महासंघले गर्ने आन्दोलनमा आफ्नो संगठनको ऐक्यवद्धता रहने जनाएका थिए।

## पहिराले गुल्मीमा ४२ घरपरिवार विस्थापित

**गुल्मी/मस-** पहिराका कारण गुल्मीमा ४२ घरपरिवार विस्थापित भएका छन्। लगातारको वर्षाले जिल्ला सदरमुकामसहित ४२ घरका २०८ जना विस्थापित बनेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजकुमार रावलले जानकारी दिए।

पहिराको जोखिम बढ्दै जान थालेपछि मानिस यतिबेला स्थानीय विद्यालय, आफन्त र छिमेकीका घर तथा गोठमा आश्रय लिन बाध्य बनेका छन्। पहिराले विस्थापित हुनेमा रेसुङ्गा नगरपालिका- ७ बेदुखर्कका १४ घरधुरीका ६४ जना, रेसुङ्गा- ९ बूढीचौरका दुई घरधुरीका ६५ जना, इस्मा गाउँपालिका-४ रातामाटाका ११ घरधुरीका ६२ जना, कालीगण्डकी गाउँपालिका- ५ फोक्सिङ्गका तीन घरधुरीका १४ जना र मुसिकोट नगरपालिका- १ तल्लो पौँदीका दुई घरधुरीका तीन व्यक्ति पहिराका कारण विस्थापित बनेका हुन्।

पहिराको जोखिमका कारण विस्थापित बनेकामध्ये इस्मा गाउँपालिका- ४ रातामाटाका ११ घरपरिवारले स्थानीय जनशक्ति प्राथमिक विद्यालयमा आश्रय लिएका छन् भने अन्य विस्थापित परिवार भने आफन्त र छिमेकीको घरमा आश्रय लिएर बसेका प्रहरी निरीक्षक रावलले बताए।

# पाकिस्तान र बंगलादेशका नागरिकलाई दक्षिण कोरियामा प्रवेश निषेध



**सोल, एजेन्सी–**दक्षिण कोरियाले कोरोना भाइरसका संक्रमितहरु बढ्दै गएको भन्दै पाकिस्तान र बंगलादेशका नागरिकलाई प्रवेशाज्ञा नदिने भएको बताएको छ ।

दक्षिण कोरियाको समाचार समिति, योनहापले सोमबार सो समाचार दिएको छ । योनहाप समाचार समितिले भोली मंगलबारदेखि लागू हुनेगरी दक्षिण कोरियाले यो निर्णय गरेको समाचारमा जनाएको छ ।

दक्षिण कोरियाले तर पाकिस्तान र बंगलादेशका कूटनीतिक क्षेत्रका कर्मचारीहरुका साथै अत्यावश्यक व्यापारिक प्रयोजनका लागि प्रवेशाज्ञा आवश्यक परेकोमा भने दिने पनि जनाएको छ ।

दक्षिण कोरियामा पछिल्लो समयमा कोरोना भाइरसका संक्रमितहरुको संख्या बढ्दै गएको देखिएको छ । यहाँका अधिकारीहरुले ती संक्रमितहरु पछिल्ला केही दिनमा पाकिस्तान र अफगानिस्तानबाट गएका नागरिकमा देखिएको बताएका छन् ।

सोही कारणले ती देशबाट हुने आवागमनलाई सरकारले रोक्ने जनाएको छ । साथै सरकारले ती देशबाट दक्षिण कोरियामा भइरहेका उडानहरुमध्ये नियमित बाहकका अरु उडानलाई पनि हालका लागि रोक्ने जनाएको हो ।

शनिबारदेखि यहाँ ठूलो संख्यामा नयाँ संक्रमित भेटिएका बताइएको छ । निकै लामो समयपछि यहाँ एकै दिन यतिधेरै मानिस संक्रमित भेटिएका हुन् ।

यहाँका स्वास्थ्य अधिकारीहरुले गत शनिबारमात्र ६७ जना संक्रमित भेटिएको बताएका थिए । गत मे २८ पछि यहाँ पहिलो पटक यति ठूलो संख्यामा संक्रमित भेटिएका स्वास्थ्य क्षेत्रका अधिकारीहरुले जानकारी दिएका छन् ।

दक्षिण कोरिया कोरोना भाइरसको नियन्त्रणमा सफल देशका रुपमा मानिन्छ । यहाँ पछिल्लो समयमा उक्त प्रकोप नियन्त्रणमा रहेको पाइएको छ ।

प्राप्त समाचारमा यहाँ गत शनिबारको तथ्यांकमा १२ हजार ३७३ जना संक्रमित छन् । साथै यहाँका २८० जना नागरिकको यो भाइरसको संक्रमणबाट निधन भएको बताइएको छ ।

# भारतका रक्षामन्त्री राजनाथ सिंह रुस प्रस्थान



**नयाँ दिल्ली, एएनआई–**भारतका रक्षामन्त्री राजनाथ सिंह सोमबार रुस प्रस्थान गरेका छन् । भारतीय सञ्चारका अनुसार रुससँग प्रतिरक्षाका विषयमा आवश्यक छलफल गर्नका लागि उनी त्यसतर्फ प्रस्थान गरेका हुन् ।

रुसको राजधानी मस्कोमा आयोजना हुने दोस्रो विश्व युद्धमा रुसले जर्मनीको नाजी सरकारमाथि विजय गरेको अवसरमा आयोजना हुने सैनिक परेडमा पनि सहभागी हुने बताइएको छ ।

हालैमा चीन र भारतको सीमा क्षेत्र लद्दाखको गलवानमा चिनियाँ सेनाको आक्रमणमा २० जना भारतीय सैनिक माारिएका थिए ।

चीन र भारतबीचको यो विवादपछि भारतका रक्षामन्त्री सिंहको यो भ्रमण हुन लागेको छ । आफू रुसमा रहँदा त्यहाँका रक्षामन्त्रीसँग प्रतिरक्षा विषयमा वार्ता हुने जानकारी उनले दिएका छन् ।

# दुबइले जुलाई ७ देखि विदेशीलाई आगमन खुला गर्ने




**दुबइ, एएनआई-**दुबइले जुलाई ७ देखि विदेशी पर्यटकहरुका लागि आगमन खुला गर्ने जनाएको छ । यहाँको पत्रिका खालिज टाइम्सले सोमबार जनाएको हो ।

यसरी दुबई जाने हरेक विदेशी पर्यटकले हालैमात्र परीक्षण गरेको कोरोना भाइरसको नेगेटिभ रिपोर्ट देखाउनुपर्ने छ ।

त्यसैगरी दुबई पुगेपछि पनि यहाँको विमानस्थलमा कोरोना भाइरसको परीक्षणको व्यवस्था गरिएको छ र उनीहरुले त्यहाँ पनि परीक्षण गराउनुपर्ने प्रावधान राखिएको छ ।

दुबईले यही जुन २२ देखि विदेशमा रहेका आफ्ना नागरिकलाई पनि स्वदेश ओसार्ने नियम बनाएको पनि सो पत्रिकाले जनाएको छ ।

त्यस्तै आफ्ना नागरिकलाई पनि जुन २३ देखि विदेश भ्रमणका लागि अनुमति दिने नियम दुबईले बनाएको बताइएको छ ।

त्यस्तै जुलाई ७ देखि नै विदेशी नागरिकलाई स्वदेश प्रवेश गर्न खुला गर्ने भएको हो । यसरी भित्रिने विदेशीहरुले दुबईको विमानस्थलमा राखिएको परीक्षण कक्षमा पिसिआर गराइने छ ।

यसरी स्वदेश आएका पर्यटक तथा विदेशी नागरिकहरुले यहाँको सरकारले बनाएका स्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्नु पर्ने नियम पनि बनाएको सो समाचारमा जनाइएको छ ।

# भेनेजुएलाका राष्ट्रपति मदुरोसँग भेट्ने राष्ट्रपति ट्रम्पको इच्छा



**वासिङ्टन, एएफपी-** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलाका राष्ट्रपति निकोलास मदुरोसँग भेटवार्ता गर्ने बारेमा विचार गरिरहेको बताएका छन् । आइतबार प्रकाशित राष्ट्रपति ट्रम्पको अन्तर्वार्तामा उनले भेनेजुएलाका विपक्षी नेता पूरै विश्वासिला नभएको संकेत गरेका हुन् ।

भेनेजुएलाका विपक्षी नेता हुँवा गुएइदोले राष्ट्रपति निकोलास मदुरोलाई हटाएर आफूलाई सन् २०१९ मा मुलुकको राष्ट्रपति घोषणा गरेयता शक्ति संघर्ष चुलिएको छ । विपक्षी दलले भाग नलिएको तथा अन्तर्राष्ट्रिय जगतले पनि चुनावमा धाँधली भएको आरोप लगाए पनि राष्ट्रपति मदुरोले आफू विधिवत निर्वाचित भएको भन्दै राष्ट्रपति पदको दोस्रो कार्यकालको सपथ लिएका थिए ।

संयुक्तराज्य अमेरिका समेत विश्वका झण्डै ६० मुलुकले विपक्षी नेता गुएइदोलाई समर्थन जनाएका छन्, तर चीन र रसियाले भने राष्ट्रपति मदुरोलाई नै मान्यता दिएका छन् । राष्ट्रपति मदुरो विरुद्ध अमेरिकाले विपक्षी नेतालाई समर्थन गरी धेरै किसिमका प्रतिबन्ध एवं नाकाबन्दी लगाएको छ ।

विवादकै बीच एक्सियोस न्यूजलाई दिएको अन्तर्वार्तामा आफू भेनेजुएलाका राष्ट्रपतिसँगको भेटवार्ताका लागि खुला रहेको बताएका हुन् । राष्ट्रपति ट्रम्पले भने 'मैले त्यसबारेमा सोच्दैछु । मदुरो पनि सायद भेट्न चाहनु हुन्छ । मैले कहिल्यै पनि बैठकका लागि अस्वीकार गरेको छैन ।'

उनले अगाडि भने, 'मैले जहिल्यै भन्ने गरेको छु, भेटघाटबाट केही नराम्रो हुँदैन ।' अमेरिका र मदुरोको समाजवादी सरकारबीचको सम्बन्ध गत मे महिनामा ५२ जना शंकास्पद व्यक्तिलाई गिरफ्तार गरिएपछि अझ खराब स्थितिमा पुगेको थियो जसमा दुई जना अवकाशप्राप्त अमेरिकी सैनिक पनि थिए । उनीहरुले अमेरिकी सहयोगमा भेनेजुएलाको सरकार विरुद्ध विभिन्न शंकास्पद गतिविधि गरेको आरोप लागेको छ । तर वासिङ्टनले यस दाबीको खण्डन गरेको छ ।

भेनेजुएलाका विपक्षी नेता गुएइदोलाई अमेरिकाले निरन्तर समर्थन गरे पनि अन्तर्वार्ताका क्रममा राष्ट्रपति ट्रम्पले पटकपटक गुएइदो त्यति विश्वासयोग्य व्यक्ति नभएको बताएको एलेक्सीओले लेखेको छ ।

राष्ट्रपति ट्रम्पले भेनेजुएलामा जे भइरहेको छ त्यसको विपक्षमा आफू रहेको बताउँदै गर्दा उहाँले गुएदोका बारेमा भन्नुभयो, 'मैले उहाँलाई समर्थन गरेकै हो, तर यो त्यति अर्थपूर्ण कुरा होइन ।'

राष्ट्रपति ट्रम्पका पूर्व राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनको संस्मरणात्मक पुस्तकका कारण सिर्जना हुने तनाब मत्थर बनाउन ह्वाइट हाउसले प्रयत्न गरिरहेकै समयमा राष्ट्रपति ट्रम्पको अर्को विवादास्पद अन्तर्वार्ता प्रकाशन भएको छ ।

एक्सीओसले बोल्टनकै पुस्तकको एक अंश प्रकाशन गरेको छ जसमा बोल्टनले लेख्नु भएको छ, 'ट्रम्पको सोचाईमा मदुरोको तुलनामा विपक्षी नेता गुएइदो निकै कमजोर छन् ।'

बोल्टनका अनुसार राष्ट्रपति ट्रम्पले गुएइदोलाई अमेरिकी राष्ट्रपतिको प्रारम्भिक चुनावमा उठ्नुभएका तर पछि उम्मेदवारी परित्याग गर्नुभएका बेटो ओ-रुकीजस्तै अस्थिर रहेको बताएका थिए ।

# खेल पत्रकारलाई मास्क र सेनिटाइजर सहयोग



**काठमाडौं, मस-** इन्टरनेशनल ओपन फ्रेन्डसिप तेक्वान्दो च्याम्पियनसिप (आईओएफटीसी) का टुर्नामेन्ट डाईरेक्टर दिवाकार मर्हजनले खेलकुद पत्रकारहरुलाई मास्क र सेनिटाईजर सहयोग गरेका छन् ।

कोरोना भाईरस (कोभिड-१९) महामारीका बीच कार्यक्षेत्रमा खटिने खेलकुद पत्रकारका लागि महर्जनले ५० थान केएन-९५ मास्क र ५० थान सेनिटाईजर सहयोग गरेका हुन् ।

महर्जनकातर्फबाट (आईओएफटीसी) को हेल्पडेक्स नेपाल संयोजक रामचन्द्र ब्याञ्जनकारले नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) का अध्यक्ष दुर्गा नाथ सुवेदी (देवेन्द्र) लाई सोमबार सहयोग हस्तान्तरण गरेका थिए ।

कोरोनाको महामारीबीच अग्रपंक्तिमा खटिरहेका पत्रकारहरुको सुरक्षार्थ मास्क र सेनिटाईजर उपलब्ध गराएको आईओएफटीसीका डाईरेक्टर मर्हजनले बताए । 'कोरोनाविरुद्धको युद्ध सामुहिक भावनाले मात्र जित्न सकिन्छ । फ्रन्ट लाईनमा रहेर अहोरात्र खटिने पत्रकारलाई सुरक्षाको लागि सानो सहयोग गरेको हुँ,' मर्हजनले भने ।

मञ्चका अध्यक्ष सुवेदीले महामारीबीच काममा निरन्तर लागिरहने पत्रकार साथीहरुको लागि प्राप्त सहयोग प्रति धन्यवाद ज्ञापन गरेका थिए ।

# लद्दाखमा मारिएका सैनिकको शरीरमा धारिलो हतियारको घाउ



**नयाँदिल्ली, एजेन्सी-**भारत र चीनका सैनिकबीच गत हप्ता लद्दाखको गलवान घाटीमा भएको हिंसाबारे इन्डियन एक्सप्रेसको एक खबरका अनुसार मारिएका सैनिकको शरीरमा धारिलो हतियारका गम्भीर चोट थिए ।

पत्रिकाले स्रोतलाई उद्धृत गर्दै सैनिकको शरीरमा थुप्रै फ्रेक्चर पनि भएको बताएको छ । पत्रिकाका अनुसार गलवान घाटीमा भएको हिंस्रक झडपमा भारतीय सैनिकले चिनियाँ सैनिकलाई कडा जवाफ फर्काएका थिए ।

दुबै पक्षका सेनाबीच थुप्रै घण्टासम्म झडप जारी रह्यो । उक्त हिंस्रक झडपमा थुप्रै सैनिक नदीमा खसेको पत्रिकाले बताएको छ । स्रोतका अनुसार नदीमा खसेका र चिसोका कारण पनि थुप्रै सैनिकको मृत्यु भयो ।

लेहका सोनक नुरबू मेमोरियल अस्पतालका एक डाक्टरलाई उद्धृत गर्दै पत्रिकाले लेखेको छ, ' मारिएका सैनिकको शव हेर्दा थाहा हुन्छ कि झडप कति ठूलो र हिंस्रक रह्यो । यस्तो लाग्छ कि भारतीय सैनिकले थुप्रै चिनियाँ सैनिक मारेका होलान् । अस्पताल ल्याइएका सैनिकको शरीरमा धारिलो हतियारका घाउ थिए र तीमध्ये थुप्रै शरीरमा मल्पिटल फ्रेक्चर पनि थियो ।' यी डाक्टर उक्त समूहमा समावेश थिए जसले हिंस्रक झडपमा मारिएका सैनिकको शव हेरेका थिए ।

# रियल मड्रिड शीर्ष स्थानमा उक्लियो




बार्सिलोनालाई उछिन्दै रियल मड्रिड स्पेनिस लिगको शीर्ष स्थानमा उक्लिएको छ । आइतबार राति भएको खेलमा रियल सोसिडाडलाई २-१ गोल अन्तरले हराउँदै रियल लिगको शीर्ष स्थानमा उक्लिएको हो । रियलले बार्सिलोनासंग अंक बराबरी गर्दै हेड टू हेडका आधारमा तालिकाको शीर्ष स्थानमा कब्जा जमाएको हो ।

गत शुक्रबार बार्सिलोनाले सेभिल्लासंग गोल रहित बराबरी खेलेसंगै रियललाई शीर्ष स्थानमा उक्लिने अवसर प्राप्त भएको थियो । भिनिसियस जुनियरलाई फल गरेपछि प्राप्त पेनाल्टीमा सर्जियो रामोसले गोल गर्दै पाहुना टोलीलाई ५० औं मिनेटमा अग्रता दिलाएका थिए । करिम बेन्जिमाले ७० औ मिनेटमा गोल गर्दै रियलको अग्रता दोब्बर बनाउने काम गरे ।

मिकेल मोरिनाले ८३ औं मिनेटमा घरेलु टोलीका लागि एक गोल फर्काए । पाहुना टोली रियलका रामोस गोल गर्ने बित्तिकै चोट बोक्दै मैदान छाडेका थिए । रियल मड्रिडले सन् २०१२ पछि एक मात्र लिग उपाधि जितेको छ । लिगमा ८ चरणको खेल बाँकी रहदा रियलले शीर्ष स्थानमा कब्जा जमाएको हो । शीर्ष स्थानको रियलले ३० खेलबाट ६५ अंक जोड्यो । सोसिडाड ४७ अंक सहित छैटौ स्थानमा रह्यो । बार्सिलोनाले मंगलबार एट्लेटिको बिल्बाओसंग प्रतिस्पर्धा गर्दा रियलले अर्को दिन घरेलु मैदानमा मोलार्कासंग खेल्नेछ ।

# ट्रम्पको चुनावी एजेण्डा 'चीन'

**वासिङ्टन डिसी-** अमेरिकाका राष्ट्रपति डोनल्ड ट्रम्पले ओकलाहोमाबाट चुनाव प्रचार अभियान सुरु गरेका छन् । यो पहिलो अभियानमा ट्रम्पले चीनलाई चुनावी मुद्दा बनाए । उनले कोरोना भाइरसलाई १९ वटा नाम दिन सकिने र यसलाई कुंग फ्लू भन्न सकिने बताएका छन् । वास्तवमा कुंग फ्लू शब्द चिनियाँ मार्शल आर्ट 'कुंग फू' सँग मिल्दोजुल्दो छ ।

ट्रम्पले प्रतिद्वन्द्वी डेमोक्रेटिक पार्टीका उम्मेद्वार जो बाइडेनमाथि निशाना साँधे । उनले बाइडेनलाई कट्टरपन्थी लेफ्ट खेमाका असहाय कठपुतली बताएका छन् ।

उनले भने, 'यो खेमाले हामीलाई रोक्नका लागि हरेक दिन हिंसा, उत्पात र लुटपाट गरिरहेका छन् । दंगा गर्नेहरुलाई रकम प्रदान गरिरहेको छ । स्मारक, प्रतिमालाई उखेलेर हाम्रो इतिहास नष्ट गर्न चाहन्छ । उनीहरुले ती हरेक व्यक्तिलाई दण्डित गर्न चाहन्छ जो उनीहरुको मागसँग सहमत छैनन् ।'

# सिरियाबाट १० जना फ्रान्सेली बालबालिका फिर्ता



**पेरिस, एएफपी-** सिरियाको शरणार्थी शिविरमा आश्रय लिइरहेका दश जना फ्रान्सेली बालबालिकालाई फ्रान्स सरकारले स्वदेश फर्काएको छ । फ्रान्सका सयौं नागरिक आतंकवादी संगठन इस्लामिक स्टेटमा आबद्ध हुन सिरिया पुगेका र तिनीहरुबाट सिरियामै बालबच्चा जन्मिएका थिए ।

गत वर्ष मार्च २०१९ मा अमेरिका र पश्चिमा मुलुकको व्यापक सैन्य कारबाहीपछि सिरियाबाट इस्लामिक स्टेट समूह परास्त भएको थियो ।

फ्रान्सेली विदेश मन्त्रालयले जारी गरेको वक्तव्यमा ती बालबालिका उत्तरपूर्वी सिरियाका शिविरबाट फिर्ता ल्याएको जनाइएको छ । उनीहरुको स्वास्थ्य उपचार शुरु गरिएको र ती बालिबालिकाको हेरचाह गर्ने जिम्मेवारी सामाजिक संस्थालाई दिइएको छ । ती बालबालिकाका अभिभावकका बारेमा भने केही खुलाइएको छैन ।

फ्रान्सले युद्धग्रस्त सिरियाबाट कूल २८ बालबालिकालाई फिर्ता लगिसकेको छ । अधिकारवादी समूहहरुले बाल उमेरका बालबालिकालाई तत्काल फर्काउन फ्रान्स सरकारमाथि लगातार दबाब दिइरहेका छन् । अधिकारवादी समूहले कतिपय बालबालिका उनीहरुका बाबुआमाले फ्रान्सबाटै साथमा लगेको दाबी गरेका छन् ।

एक अनुमान अनुसार करिब ३०० फ्रान्सेली बालबालिका सिरियास्थित कुर्दिस समूदायले सञ्चालन गरेका शिविरमा उनीहरुका आमाहरुका साथमा रहेका छन् । फ्रान्सले भने सिरिया पुगेका हरेक व्यक्तिमाथि स्थानीय कानुन बमोजिम कारबाही हुने जनाएको छ ।

सिरियाको उत्तरपूर्वस्थित अल-होल भन्ने स्थानमा करिब १२ हजार विदेशी नागरिक अस्थायी शिविरमा रहेका छन् जसमा चार हजार महिला र आठ हजार बालबालिका रहेका छन् । सहायता निकायहरुले यी शिविरमा आश्रित व्यक्तिहरुले कुपोषण र रोगको प्रकोपबाट गुज्रनु परेको बताएका छन् ।कुर्दिस अधिकारीहरुले शिविरमा रहेका विदेशी नागरिकहरु स्वदेश फर्काउन आग्रह गरिरहेका छन् । उनीहरुले अनिश्चितकालसम्म विदेशी नागरिकलाई सुरक्षा दिएर राख्न नसक्ने चेतावनी पनि दिएका छन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०३/०५ मा दर्ता भएको **प्रा.लि. नं. १९१९८९** को **दुप्चेश्वर पानी सप्लायर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/११/०२ गते चन्द्रागिरी नपा वडा नं. १५ तिनथानास्थित मेरो आफ्नै घर परिसरमा पार्कीङ गरीएकै अवस्थामा अन्दाजी रातीको १:०० बजेको समयमा बा ९० प २९२९ नम्बरको कालो २२० CC पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु ।

**सवारी धनी :** प्रकाश भुजेल
**ठेगाना :** चन्द्रागिरी-१५, काठमाडौं
**च्यासिस नं:** MD2A13EY8HCF67596
**इन्जीन नं :** DKYCHF57706
**सम्पर्क :** ९८५१०१५७३६

**श्री माध्यमिक विद्यालय, पात्ले भन्ज्याङ्ग**
**दुधौली नगरपालिका-१३, सिन्धुली**

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०३/०९

यस विद्यालयलाई ICT Lab निर्माण गर्नको लागि तपशिल बमोजिमको सामग्रीहरु खरिद गर्नलाई इच्छुक फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिबाट १५ दिनभित्र आफ्नो फर्म दर्ता र कर चुक्तासहितको प्रमाणपत्र साथ शिलबन्दी कोटेशन पेश गर्नु हुन तथा विस्तृत स्पेसिफिकेसनको लागि विद्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**सामानको विवरण:**

| S.N. | Particulars | Quantity |
|---|---|---|
| 1. | Desktop Computer | 8 Pcs |
| 2. | Laptop | 1 Pc |
| 3. | Projector | 1 Pc |
| 4. | Smart Board | 1 Pc |
| 5. | Printer (B/W) | 1 Pc |
| 6. | Multimedia Speaker | 2 Pcs |

**थप जानकारीको लागि:** श्री माध्यमिक विद्यालय, पात्ले भन्ज्याङ्ग, दुधौलीनपा-१३, सिन्धुली, सम्पर्क नं ९८६२४००९९८

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



# एफएनसीसीआईको निर्वाचन साउन २६ र २७ गते हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार

नेपाल उद्योग वाणिज्य महासंघको निर्वाचनको मिति तय भएको छ । महासंघको सोमबार बसेको केन्द्रिय कार्यसमितिको बैंठकले आगामी साउन २६ र २७ गतेलाई महासंघको ५४ औं साधारणसभा तथा निर्वाचनको मिति तोकेको हो । महासंघ पदाधिकारीको आईतबार बसेको बैठकले साउनको अन्तिम साता महासंघको साधारणसभा गर्ने निर्णय गरेको थियो । त्यसलगत्तै सोमबार बसेको कार्यसमितिको बैठकले साउन २६ र २७ गतेका लागि निर्वाचनको मिति तोकेको हो । यसैगरी महासंघको आईतबार बसेको पदाधिकारी बैंठकले नै साधारणसभाका लागि भेन्यु समेत तोकिसकेको छ । पदाधिकारी बैंठकले ललितपुरको हेरिटेज गार्डेनमा सधारणसभा भेन्यु तोकेकोमा सोमबार बसेको कार्यसमिति बैठकले अनुमोदन गरेको हो । यसैगरी महासंघको यस अघिको पदाधिकारी बैठकले




महासंघका पूर्व अध्यक्ष तथा विशिष्ट सदस्य चण्डीराज ढकाल विरुद्ध पारित गरेको भनिएको खेद प्रस्तावलाई एजेण्डाबाटै हटाईएको छ। सोमबारको बैंठकमा महासंघको निर्वाचन, विविध सम्बन्धी एजेण्डामा मात्र छलफल तथा निर्णय भएको छ । बैठकले महासंघको विधानमा भएको निर्वाचन सम्बन्धी व्यवस्थालाई बाधा अड्काउ फुकाउ समेत गरिएको छ । महासंघको विधान अनुरुप कार्यसमितिको ३ बर्षे कार्यकाल पुरा भएको ३ महिना मात्र उक्त कार्यसमिति बैधानिक रहन सक्छ। कोभिड १९ का कारण समयमै निर्वाचन हुन नसक्दा साउन २६ र २७ गतेलाई निर्वाचन मिति तोक्नेगरी बाधा अड्काउ फुकाउ गरिएको छ । साथै विविध सम्बन्धमा कोभिड १९ ले व्यवसायमा पारेको असर र बैंक कर्जा तथा ब्याजदरको विषयमा छलफल समेत भएको छ। महासंघमा निर्वाचनको मिति तय गर्ने सम्बन्धमा दुई पक्षबीच विवाद हुँदै आएको थियो तर सोमबार बसेको बैठकले भने निर्वाचनको टुंगो लगाएको हो । महासंघका अध्यक्षलगायतको टीम तत्काल निर्वाचन नगरी वाधा अड्काउन फुकाउबाट अघि बढ्ने पक्षमा थिए भने उपाध्यक्ष चन्द्रप्रसाद ढकाल पक्षले भने महासंघलाई अन्यौलमा नराखी चुनाव गराएर नयाँ नेतृत्व प्रदान गरेर अघि बढ्नु अडान राख्दै आएका थिए। महासंघकाले बैठकले ललितपुरको हेरिटेज गार्डेनमा आफ्नो साधारणसभा गर्ने भएको छ । २०७६ साल चैत २७ र २८ गते हुनुपर्ने महासंघको ५४ औं साधारणसभा कोरोना कारण पछि धकेलिएको थियो ।

## पाँचौ संस्करणको आईसिटी अवार्ड हुँदै
# अनलाईन आवेदन सुरु

**काठमाडौं/मस**–सूचना प्रविधि क्षेत्रको प्रतिष्ठित अवार्डको रूपमा स्थापित आइसिटी अवार्डको पाँचौं संस्करणको अनलाइन नोमिनेशन (आवेदन) सुरु भएको छ। सोमबारदेखि लागु हुनेगरी उक्त अवार्डको लागि अनलाईन नोमिनेशन सुरु भएको हो । लिभिङ विथ आइसिटीको आयोजना र विभिन्न सरकारी तथा निजी संस्थाहरूको सहकार्यमा आयोजना हुने आइसिटी अवार्ड २०२० को अनलाइन आवेदन साउन १६ गतेसम्मका लागि खुल्ला गरिएको छ । कोरोनाको प्रभाव र महामारीको कारण आइसिटी अवार्ड यस वर्ष केही समय ढिला हुन गएको छ। हरेक वर्ष १७ अगष्टमा आयोजना हुने अवार्डको फिनाले कार्यक्रम यस वर्ष केही समय ढिला हुने भएको छ। यसका लागि अनलाइन आवेदनको मिति सकिएपछि समय र अवस्था हेरेर अवार्डको फिनाले मिति घोषणा गरिने आयोजकले जानकारी दिएको छ । यस वर्ष विभिन्न ११ विधामा आइसिटी अवार्ड आयोजना हुनेछ। इन्नोभेसन इन क्राइसिस रेसपोन्स आइसिटी अवार्ड र वुमन आइकन आइसिटी अवार्ड थप गरिएका नयाँ विधाहरू हुन् । स्टार्टअप आइसिटी अवार्ड, प्रडक्ट आइसिटी अवार्ड, राइजिङ स्टुडेन्ट आइसिटी अवार्ड विधाहरु




इन्नोभेसन, प्रडक्ट र स्टार्टअपसँग सम्बन्धित अवार्ड विधाहरू हुन् । यसैगरी पायोनियर आइसिटी अवार्ड, नेपाली डायस्पोरा आइसिटी अवार्ड, आन्टरप्रेनर आइसिटी र मिडिया पर्सन आइसिटी अवार्ड व्यक्तिलाई प्रदान गरिने अवार्डका विधाहरू रहेका छन् । डिजिटल गभर्नेन्स आइसिटी अवार्ड सरकारी सस्था र डिजिटल एजुकेशन आइसिटी अवार्ड सामुदायिक शैक्षिक संस्थानहरुलाई प्रदान गरिने अवार्ड विधाहरू रहेका छन् । सन् २०१६ देखि सुरु भएको आइसिटी अवार्डमा विभिन्न विधामा गरेर अहिलेसम्म ३० बढी व्यक्ति, संस्था, कम्पनी तथा प्रोडक्टहरू सम्मानित भइसकेका छन्। यस वर्ष अवार्डको छनौट प्रक्रियालाई व्यवस्थित र सहज बनाउन १२ जना जुरी सदस्य र १० बढी जुरी सल्लाहकार सदस्यहरू रहनुभएको छ । छनौट प्रक्रिया विभिन्न चरणहरूमा हुनेछ। स्टार्टअप, प्रडक्ट, स्टुडेन्ट प्रोजेक्ट र इन्नोभेसनमा विभिन्न चरणबाट उत्कृष्ट ५ छान्दै अनलाइन तथा एसएमएस भोटिङ पनि सञ्चालन हुनेछ भने अन्य विधाहरूमा जुरी समूहले विभिन्न चरणमा छनौट प्रक्रिया सञ्चालन गर्नुहुनेछ। निष्पक्ष र व्यवस्थित रूपमा सञ्चालन हुँदै आएको आइसिटी अवार्डलाई यस वर्ष अझ परिष्कृत र प्रतिष्ठित बनाउने हाम्रो तयारी हुनेछ। यो वर्ष कोरोनाको संकटको कारण छनौट प्रक्रिया पनि बढी प्रविधिमैत्री हुनेछ । अवार्ड विजेताहरुलाई विशिष्ट सम्मानसँगै शिल्ड प्रदान गरिनेछ । स्टार्टअप, प्रडक्ट, स्टुडेन्ट र इन्नोभेसनका विधाका विजेताहरुलाई गतवर्षझैं बैंकको सरल कर्जा र लगानीसँग जोडिनेछ। अवार्डमा नोमिनेशन तथा आवेदन दिनको लागि आधिकारिक वेबसाइट आईसीटीअवार्ड डट ओआरजीमा गएर सम्बन्धित विधा (क्याटेगोरी) अनुसार अनलाइन फारम बुझाउनुपर्नेछ ।

## माथिल्लो तामाकोशी
# जटिल काम सकिँदै, आगामी शुक्रबार ठाडो सुरुङको पाइप जडान हुने

**रमेश लम्साल/रासस**
काठमाडौं, ८ असार

सरकारले लकडाउन गरेपनि एकाध दिन बाहेक काम नरोकिएको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको सबैभन्दा महत्वपूर्ण र जटिल निर्माणसम्बन्धी काम यसै साता सकिने भएको छ । राष्ट्रिय गौरवको आयोजना माथिल्लो तामाकोशीको जटिल मानिएको दुई ठाडो सुरुङको कामसमेत लकडाउनको समयमा उल्लेख्य प्रगति मात्रै भएन सम्पन्न नै हुने चरणमा पुगेको छ । आयोजनाका प्रवक्ता डा.गणेश न्यौपानेका अनुसार कूल ६८३ मिटर लामो दुई ठाडो सुरुङमध्ये २२.५ मिटर मात्रै बाँकी छ । गत असारदेखि ठाडो सुरुङमा पाइप जडानको काम शुरु भएको थियो। वर्षदिनमा जटिल काम सम्पन्न हुन लागेको हो ।

कूल ३७३ मिटर लामो तल्लो ठाडो सुरुङको पाइप जडान सम्पन्न भएको छ । पाइप जडानको काम सकिएपछि अष्ट्रियन कम्पनीले थप कामका लागि भारतीय कम्पनीलाई जिम्मा लगाउँछ । एउटा पाइप राख्न न्यूनतम पाँच दिन लाग्ने भएकाले आगामी शुक्रबारसम्म ठाडो सुरुङमा पाइप जडानको काम सकिनेछ ।

तल्लो ठाडो सुरुङको काम अष्ट्रियन निर्माण व्यवसायी एन्ड्रिज हाइड्रोले गरेको हो । कार्यकुशलता देखाउन नसकेको भारतीय निर्माण व्यवसायी टेक्सम्याकोले लकडाउनको समयमा आफूलाई अब्बल सावित गरेको छ । प्राप्त विवरणअनुसार कूल ३१० मिटर लामो माथिल्लो ठाडो सुरुङमध्ये हालसम्म २८७.५ मिटरमा पाइप जडानको काम भइसकेको छ । प्रवक्ता न्यौपानेका अनुसार अब बाँकी २२.५ मिटर मध्ये २० मिटर शुक्रबारसम्म काम सम्पन्न गरिनेछ । बाँकी रहने २.५ मिटर भने तेर्सो पाइपमा जोड्नुपर्ने भएकाले जडानका लागि थप केही समय लाग्नेछ ।

"सम्पन्न भएको स्थानमा कङ्क्रिट गर्ने काम बाँकी छ, ती काम सँगसँगै अगाडि बढ्छ । एउटा सकारात्मक अवस्थामा हामी पुगेका छौं। लकडाउनको समयमा सहज रुपमा काम हुनु आफैमा खुसीको विषय बनेको छ", प्रवक्ता न्यौपानेले भने। माथिल्लो र तल्लो ठाडो सुरुङको बीचको १०० मिटर लामो सुरुङमा पाइपनै जडान गरिने भएकाले असजिलो काम सकिएपछि निर्माण व्यवसायी सो कामका लागि परिचालित हुनेछ । चालू आव सकिने दिनसम्म आयोजनाको काममा उल्लेख्य प्रगति हासिल हुने विश्वास लिइएको छ ।

कोरोना कहरका बीचमा घरभित्रका नागरिकलाई आशाको सञ्चार भर्ने काम आयोजनाले गरेको छ। विपद्सँग जुध्दै भएका कामले नेपालीलाई एक खालको आत्मविश्वास भरिदिएको छ । लाखौं नेपालीको आशा र भरोसाको केन्द्रविन्दुमा रहेको माथिल्लो तामाकोशीले लकडाउनमा दिएको सन्देश घरभित्रै बस्न बाध्य भएका नेपालीलाई हर्षित तुल्याउने खालको छ । आयोजनामा लगानी गर्ने शेयरधनी १० लाख बढी छन् । नियमितरूपमा पूर्ण क्षमतामा काम हुन पाएको भए राष्ट्रिय गौरवको माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाको काम करिब सम्पन्न हुने अवस्थामा पुग्ने थियो । लकडाउनपछि आयोजनाको काम केही समय प्रभावित भयो। एकाध दिन रोकिए पनि आयोजनाले सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपाय अपनाएर काम चालू नै राखियो। यसअघि तय गरिएको कार्यतालिकामा निर्माण सकिएको भए दैनिक करिब रु पाँच करोड बराबरको क्षतिसमेत नहुने अवस्था आउने थियो । भूकम्प, नाकाबन्दी र कोरोना कहरसँग जुधेर आयोजनाले आयोजना सम्पन्न हुने चरणमा पुगेको हो ।

यस्तै आयोजनाको सुरुङको तेर्सो स्थानमा जडान हुने केही पाइपको पनि जडानको काम अगाडि बढाउने र घुमेको पाइप जडानको काममा समेत गति दिन लागिएकाले एकाध दिन भित्रै सम्पन्न हुनेछ । सुरुङमा कङ्क्रिट लाइनिङ र ग्राउटिङको काम भइरहेको छ । बाँधस्थलको गत वैशाखमानै परिक्षण सम्पन्न भइसकेको छ । प्रसारण लाइन निर्माणको काम पूरा भइसकेको छ।

राष्ट्रिय गौरवको आयोजना भएकाले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले लकडाउनको समयमा गृह मन्त्रालयसँग आवश्यक समन्वय गरेर निर्माण सामग्रीको ढुवानीमा सहजीकरण गरिदिएका थिए । आयोजनाले यसअघि केही अत्यावश्यक सिमेन्ट, रडलगायत सामग्रीको नियमित आपूर्ति गरेको थियो । आयोजनास्थलमा लकडाउनको समयमा झण्डै ६५० श्रमिक कार्यरत थिए ।

# कीर्तिपुरले कर नबढाउने

**कीर्तिपुर/मस**–कोभिड-१९ का कारण स्थानीयवासीलाई असर पर्ने जनाउँदै कीर्तिपुर नगरपालिकाले आगामी आर्थिक वर्षका लागि नगरपालिकाबाट लिइँदै आएको कर नबढाउने भएको छ । कोरोना भाइरसलाई ध्यानमा राख्दै नगरपालिकाले कुनै करको दर नबढाई यथावत् राख्ने निर्णय गरेको राजश्व परामर्श समितिले जनाएको छ ।

परामर्श समितिको यही असार २ गते बसेको आकस्मिक बैठकले आगामी आव २०७७/०७८ का लागि सबै कर यथावत् राख्ने निर्णय गरेको परामर्श समितिका संयोजक उपप्रमुख सरस्वती रिजालले जानकारी दिए। उनका अनुसार समितिको प्रतिवेदन असार २ गते नै नगरपालिकाका प्रमुख रमेश महर्जनलाई बुझाइएको हो । प्रमुखलाई प्रतिवेदन बुझाइए पनि नगर कार्यपालिकाको बैठकले निर्णय गरेको छैन । मङ्गलबार बस्ने कार्यपालिकाको बैठकले आर्थिक विधेयक २०७७ मा करका दरलाई चालु आवमा नबढ्ने गरी आर्थिक विधेयक स्वीकृत गर्न नगरसभालाई सिफारिस गरेको छ। नगरसभा बैठक असार १० गते हुने जनाइएको छ ।

आव २०७६/०७७ मा रु १२ करोड राजश्व उठाउने अनुमान गरिएकामा जेठ मसान्तसम्म रु आठ करोड ४५ लाख मात्र राजश्व संकलन भएको उपप्रमुख रिजालले जानकारी दिए। "अनुमान गरे जति कर नउठेपछि हामीले आगामी वर्ष कर नबढाउने तर करको दायरालाई विस्तार गर्दै लैजाने तयारी गरेका हौं", उनले भने ।


# बजेटसँग सम्बन्धित तीन विधेयक पारित



**काठमाडौं/मस**–राष्ट्रियसभाले प्रतिनिधिसभाबाट आएका बजेटसँग सम्बन्धीत विभिन्न तीन विधयेक पारित गरेको छ। सभाको सोमबारको बैठकले प्रतिनिधिसभाबाट सन्देशसहित आएका "आर्थिक विधेयक, २०७७", "राष्ट्र ऋण उठाउने विधेयक, २०७७" र "ऋण तथा जमानत विधेयक, २०७७" लाई पारित गरेको हो ।

अर्थमन्त्री डा युवराज खतिवडाले विधेयकको दफावार छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिदै प्रदुषण हटाउन विद्युतीय सवारी बजेटको प्राथमिकतामा रहेको उल्लेख गर्दै सार्वजनिक यातायाताका साधनमा भएको कर यथावत रहेको स्पष्ट पार्नुभयो। साथै उनले विद्युतको खपत बढाउने थुप्रै कार्यक्रम बजेटमा रहेको बताउदै कृषिमा रसायनिक मलको भन्सार महशुल नबढेको, पेट्रोलियम पदार्थको मूल्य भारतमा भन्दा नेपालमा रु २० सस्तो भएकाले यसमा पूर्वाधार कर लगाइएको जानकारी गराए ।

बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीका तर्फबाट कानून, न्याय तथा संसदीय मामिला मन्त्री डा शिवमाया तुम्बाहाङ्फेले "महान्याधिवक्ताको वार्षिक प्रतिवेदन, २०७५/७६" सभा समक्ष पेश गरेकी थिईन ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**